# लोक सेवा आयोग
# महेन्द्रनगर कार्यालय
महेन्द्रनगर, कञ्चनपुर

**रा.प.तृतीय श्रेणी (अप्राविधिक) शाखा अधिकृत वा सो सरह पदको प्रथम चरणको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना ।**

सूचना नं. ३०/२०८०-८१ मिति : २०८०/१०/११

लोक सेवा आयोग, केन्द्रीय कार्यालयको **विज्ञापन नं.१६६९५-१६७०१/२०८०-८१ (खुला/समावेशी), रा.प.तृतीय श्रेणी (अप्राविधिक)**, संयुक्त र एकीकृत परीक्षा प्रणाली अन्तरगत **शाखा अधिकृत वा सो सरह** पदमा **महेन्द्रनगर परीक्षा केन्द्र राखि अनलाईन दरखास्त स्वीकृत भएका उम्मेदवारहरुको प्रथम चरणको** लिखित परीक्षा आयोगको पुर्वप्रकाशित परीक्षा कार्यक्रम अनुसार तपसिलको मिति, समय र परीक्षा केन्द्रमा नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड पालना गर्ने गरी संचालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। परीक्षार्थीहरुले पालना गर्नु पर्ने विषय तल द्रष्टव्य १ र २ मा उल्लेख गरिएको छ ।

**तपसिलः**

| चरण/पत्र | विषय | परीक्षा प्रणाली | पूर्णाङ्क | परीक्षा मिति र समय | परीक्षा अवधि |
|---|---|---|---|---|---|
| प्रथम | प्रशासनिक अभिरुचि परीक्षण | वस्तुगत (बहुवैकल्पिक प्रश्न) | १०० | २०८०।१०।२७ गते बिहान ११:०० बजे | १ घण्टा ३० मिनेट |

**परीक्षा केन्द्र :**

| क्र.सं. | रोल नं. | | उम्मेदवार संख्या | परीक्षा केन्द्र |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| १. | ८३०००१ | ८३०२०० | २०० | श्री जनज्योती बहुमुखी क्याम्पस (क) केन्द्र, भाँसी, महेन्द्रनगर । |
| २. | ८३०२०१ | ८३०४०० | २०० | श्री जनज्योती बहुमुखी क्याम्पस (ख) केन्द्र, भाँसी, महेन्द्रनगर । |
| ३. | ८३०४०१ | ८३०६०० | २०० | श्री कञ्चन विद्या मन्दिर सामुदायिक कलेज(क) केन्द्र, महेन्द्रनगर । |
| ४. | ८३०६०१ | ८३०८४० | २४० | श्री कञ्चन विद्या मन्दिर सामुदायिक कलेज(ख) केन्द्र, महेन्द्रनगर । |
| ५. | ८३०८४१ देखि माथि सबै | | | श्री कञ्चन विद्या मन्दिर सामुदायिक कलेज(ग) केन्द्र, महेन्द्रनगर । |

**द्रष्टव्य १.**

- उम्मेदवारले उत्तरपुस्तिकामा कालो मसी भएको डट्पेन मात्र प्रयोग गर्नु पर्नेछ ।
- प्रवेश पत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित गराइने छैन ।परीक्षामा प्रवेश पत्रसंगै सम्वन्धित निकायबाट जारी भएको आफ्नो नागरिकता वा नेपाल सरकारबाट जारी भएको फोटो समेतको कुनै परिचयपत्र अनिवार्य रुपमा लिइ परीक्षा सुरु हुनु भन्दा कम्तीमा १ घण्टा अगावै तोकिएको परीक्षा भवनमा आईपुग्नु पर्नेछ।
- परीक्षा भवनमा झोला, मोबाइल फोन, स्मार्टवाच लगायतका विद्युतीय उपकरण लैजान निषेध गरिएको छ।
- परीक्षा संचालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि आयोगको पूर्व सूचना विना निर्धारित परीक्षा कार्यक्रम स्थगित हुने छैन।
- उम्मेदवारलाई तोकिएको परीक्षा भवन बाहेक अन्य परीक्षा भवनमा सहभागी गराइने छैन।

द्रष्टव्य २.

- संक्रमणको बिशेष अवस्थामा परीक्षा (संचालन तथा व्यवस्थापन) सम्वन्धी मापदण्ड २०७७ अनुसार परीक्षार्थीले देहायका विषयको पुर्ण पालना गर्नुपर्नेछ ।
- परीक्षा केन्द्रमा प्रवेश गर्नु अघि अनिवार्य रूपमा मास्क लगाउनु पर्नेछ । उम्मेदवार स्वयंले आफ्नो लागि स्यानिटाइजर र खानेपानीको व्यवस्था गर्नु पर्नेछ ।
- परीक्षा केन्द्रमा प्रवेश गर्दा, शौचालय जाँदा आउँदा परीक्षा केन्द्र बाट बाहिरिदा एक आपसमा दुरी कायम गर्नु पर्नेछ ।
- परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पुर्ण पालना गर्नु पर्नेछ ।
- परीक्षा केन्द्रमा प्रवेश गर्दा परीक्षा सकी, बाहिरिदा समुहमा भेला हुने ,छलफल गर्ने ,आपसमा कुराकानी गर्ने गर्नु हुदैन ।
- कोभिड-१९ बाट संक्रमित परीक्षार्थीका लागि विशेष परीक्षा केन्द्रको व्यवस्था गरिने हुँदा कोभिड-१९ संक्रमित परीक्षार्थीले परीक्षा सुरु हुन भन्दा कम्तीमा ३ घण्टा अगाडि कार्यालयको फोन नं.०९९५२१२०९/०९९५२३९९२ मा सम्पर्क गरी जानकारी गराउनु पर्नेछ ।

..................
(प्रकाश चपाई)
नायव सुब्बा

........................
(खगेन्द्रप्रसाद भट्ट)
शाखा अधिकृत

........................
(लोकप्रसाद रेग्मी)
उपसचिव